लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका; (देउखुरी) नेपाल ।

**तह वृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मिति २०८०/११/२१

लुम्बिनी प्रदेश सरकार, प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २८ बमोजिम तह वृद्धि हुने तह भन्दा एक तह मुनिको तहमा पाँच वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका, सोही ऐनको दफा २८ को उपदफा १ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका र सोही ऐनको दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेका उपयूक्त उम्मेदवारहरुले तह वृद्धि हुन चाहेमा तह वृद्धि हुनको लागि दशौं तहको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र अधिकृतस्तर आठौं र छैटौं तहको हकमा सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयमा र ऐनको दफा २८ को उपदफा ६ बमोजिम चौथो तहबाट पाचौं तहमा तह वृद्धि हुने उम्मेदवारको सम्बन्धमा सम्बन्धित सेवा, समुह सञ्चालन गर्ने मन्त्रालयमा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ४९ अनुसार सोही नियमको अनुसूची–१९ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र तपशिलका कागजात सहित तोकिएको ढाँचामा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. हालको पदमा नियूक्ति पत्रको प्रमाणित प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. कर्मचारी समायोजन पत्रको प्रमाणित प्रतिलिपि,
४. तोकिए बमोजिम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
५. अद्यावधिक बैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच बर्षको कार्य सम्पादन मुल्याङ्कन फाराम पेश गरेको निकायको बिवरण,
७. सम्बन्धित कार्यालयबाट सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाही नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा ।

२०८०/११/२१